# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## ६ नं. प्रदेश, नेपाल

आठविसकोट नगरपालिका

# आर्थिक सहायता सम्बन्धी कार्यविधि

## २०७४

# आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७४

**प्रस्तावना** :- लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न निरपेक्ष गरिबीको रेखामुनी रहेका दिर्घ रोगी, हिंसा पीडित तथा बेचविखनमा परेका महिला, बालबालिका, विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपांग, बेवास्तामा परेका ज्येष्ठ नागरिकको लागि आर्थिक सहायता दिन आर्थिक सहायता सम्बन्धी कानून बनाउन बाञ्छनिय भएकोले आठविसकोट नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** :- (१) यस कार्यविधिको नाम "आठविसकोट नगरपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७४" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा** :- विषय प्रसंगले अर्को अर्थ नलागेमा

(क) "नगरपालिका" भन्नाले आठविसकोट नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) "नगर कार्यपालिका" भन्नाले आठविसकोट नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले निरपेक्ष गरिबीको रेखामुनी रहेको भनि प्रमाणित भएका मुटु, मृगौला, फोक्सो, कलेजोजस्ता शरिरका महत्वपूर्ण अंगहरुका रोगी एवं क्यान्सर पीडित व्यक्तिहरु, घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा परेको वा जवरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभावजस्ता दुर्व्यवहारबाट पीडित, दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको सुस्तमनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका, वेसहारा वृद्धवृद्धा बुझ्नु पर्दछ ।

(घ) "न्यायिक समिति" भन्नाले आठविसकोट नगरपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आठविसकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(च) "नगर प्रमुख" भन्नाले आठविसकोट नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

आठविसकोट नगरपालिका

# परिच्छेद - २

## आर्थिक सहायता सम्बन्धि मापदण्ड

**३. दिर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता** :- (१) आर्थिक सहायता पाउन योग्य दिर्घ रोगी( मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित नगरपालिकामा निवेदन दिन सक्नेछन ।

स्पष्टिकरण "आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनि अधिकार प्राप्त सरकारी निकायबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट लगायतका कागजात बुझ्नु पर्दछ ।

(२) उपखण्ड (१) बमोजिम प्राप्त निवेदनामाथि नगर कार्यपालिकाले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा विरामीको अवस्था हेरी रू. पाँच हजारदेखि रू. चालिस हजारसम्म आर्थिक सहायता दिई निःशुल्क उपचारको लागि समेत  सिफारिस गर्न सकिनेछ ।

(३) बीस हजारसम्मको आर्थिक सहायता नगर प्रमुखसँगको समन्वयमा प्रमुख प्रशासकीय अधिकृत र सो भन्दा माथिको सहायता नगर कार्यपालिकाको निर्णय बमोजिम दिईनेछ ।

**४. हिंसा पीडित तथा बेचविखनमा परेकालाई सहायता** :- (१) घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गरी जीवनयापनको लागि नगर कार्यपालिकाको निर्णयानुसार रू. १०,०००/- (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) पीडितलाई न्याय दिलाउन एवं पुनर्स्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

**५. आर्थिक रुपले विपन्न र पीडित वालबालिकालाई सहायता** :- (१) आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा परेको वा जवरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभावजस्ता दुर्व्यवहारबाट पीडित, दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको, सुस्तमनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि नगर कार्यपालिकाको निर्णय अनुसार रू. १०,०००/- (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपखण्ड (१) मा उल्लेखित बालबालिकाको शिक्षा तथा पालनपोषणको लागि बाल उद्धार गृहको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७४आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७४आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७४आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७४संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत शिक्षा तथा पालनपोषणको व्यवस्था गर्न सकिनेछ ।

आठबिसकोट नगरपालिका

**६. आर्थिक रुपले विपन्न गर्भवती महिला तथा सुत्केरी आमाहरुलाई सहायता** :- (१) आर्थिक रुपले विपन्न तीन महिनासम्म पनि खान नपुग्ने भनि प्रमाणित परिवारका गर्भवती महिला एवं. सुत्केरी आमाको पालनपोषणको लागि बढिमा दुई पटक गर्भवती हुँदा वा सुत्केरी हुँदा रू. ५,०००/- (पाँच हजार) आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ। तर दुई पटकभन्दा बढि गर्भवति हुँदा वा सुत्केरी हुँदा उक्त सहायता उपलब्ध गराईने छैन।

(२) उपखण्ड (१) बमोजिम सहायता पाउन गर्भवति महिला वा सुत्केरी आमाले आफैं वा पति वा परिवारको कुनै सदस्य मार्फत तोकिएका कागजात सहित नगरपालिकामा निवेदन दिन सक्नेछन्।

**७. बेवास्तामा परेका ज्येष्ठ नागरिकलाई सहायता** :- दलित ज्येष्ठ नागरिकको हकमा ६० वर्ष उमेर पुगेका र अन्यको हकमा ७० वर्ष उमेर पुगेका परिवारका सदस्यले बेवास्ता गरेका विपन्न, रोगी एवं. अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि नगरपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव भएमा रू. ५,०००/- (पाँच हजार) सम्म आर्थिक सहायता दिई पुर्नस्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ।

**८. अति अशक्त अपांग र पूर्ण अशक्त अपांगलाई सहायता** :- (१) आर्थिक रुपले विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपांगको पालनपोषणको लागि रू. १०,०००/- (दश हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ।

(२) आर्थिक सहायता प्राप्त गर्न आर्थिक रुपले विपन्न भनि प्रमाणित कागजात, महिला तथा बालबालिका कार्यालयबाट प्राप्त अति अशक्त र पूर्ण अशक्त अपांगको परिचयपत्र सहित नगरपालिका कार्यालयमा निवेदन पेश गर्न सकिनेछ।

## परिच्छेद- ३

## विविध

९. निवेदनको **ढाँचा** :- खण्ड ३, ४, ५, ६, ७ र ८ अनुसार सहायता पाउन अनुसूची- १ को ढाँचामा निवेदन दिनु पर्नेछ।

**१०. अधिकार प्रत्यायोजन गर्न सकिने** :- यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धि निर्णयको अधिकार नगर कार्यपालिकाले नगर प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतलाई दिन सक्नेछ।

**११. ११. आकस्मीक कोष** :- (१) यस कार्यविधि अनुसार आर्थिक सहायता दिने एवं. प्राकृतिक र गैर प्राकृतिक प्रकोप पीडितलाई राहत, उद्धार तथा पुर्नस्थापना गर्ने र अन्य आकस्मीक कार्यमा प्रयोग गर्ने प्रयोजनको लागि एक आकस्मीक कोषको स्थापना गरिनेछ।

(२) आकस्मीक कोषमा देहायको रकम जम्मा गरिनेछ :-

(क) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट आकस्मीक कोषको लागि प्राप्त अनुदान,

(ख) सरकारी तथा गैरसरकारी संघसंस्थाबाट आकस्मीक कार्य (आर्थिक सहायता, प्रकोप पीडित राहत)को लागि प्राप्त सहयोग वा अनुदान,

आठबिसकोट नगरपालिका

(ग) आर्थिक सहायता, प्राकृतिक प्रकोप पीडितको उद्धार, राहत तथा पुर्नस्थापनाको लागि प्राप्त जुनसुकै रकम,

(३) कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) आकस्मीक कोष सम्बन्धी अन्य व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

आठबिसकोट नगरपालिका

अनुसूची- १

(खण्ड ९ सँग सम्बन्धित)

मिति :-

श्रीमान् नगरप्रमुख/प्रमुख प्रशासकीय अधिकृत ज्यू,

आठविसकोट नगरपालिका, रुकुम (पश्चिम)

विषय :- आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा म/हामी.....................................रोगले ग्रसित भई ...............................गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु/छौं । उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई निशुःल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस तथा हल गरिदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

तपसिल

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि

२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/.................को प्रतिलिपि

३. अस्पतालको रिपोर्ट

४. ....................................

निवेदक

| क्र.स. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

आठविसकोट नगरपालिका

अनुसूची- १

(खण्ड ९ सँग सम्बन्धित)

मिति :-

श्रीमान् नगरप्रमुख/प्रमुख प्रशासकीय अधिकृत ज्यू,

आठविसकोट नगरपालिका, रुकुम (पश्चिम)

विषय :- आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा म/हामी....................................रोगले ग्रसित भई ..............................गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु/छौं । उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई निशु:ल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस तथा हल गरिदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

<u>तपसिल</u>

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि

२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/.................को प्रतिलिपि

३. अस्पतालको रिपोर्ट

४. ....................................

<u>निवेदक</u>

| क्र.स. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

अनुसूची- १

आठविसकोट नगरपालिका

(खण्ड ९ सँग सम्बन्धित)

मिति :-

श्रीमान् नगरप्रमुख/प्रमुख प्रशासकीय अधिकृत ज्यू,

आठविसकोट नगरपालिका, रुकुम (पश्चिम)

विषय :- आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा म/हामी..........................................भएको/..............................व्यक्ति ............................भएको व्यहोरा अवगत गराउँदछु/छौं । ...........................को आर्थिक अवस्था नाजुक भएको, तत्काल ........................................गर्न जरुरी रहेकोले ....................को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई ........................................समेत गरिदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

तपसिल

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि

२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/..................को प्रतिलिपि

३.
........................................................................................................................
........................................................................................................................

निवेदक

| क्र.स. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

आठविसकोट नगरपालिका